जातीयता र संघीयकरण सम्बन्धी बृहत गोष्ठी

काठमाण्डौं, नेपाल,
९–११ वैसाख, २०६८

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि.,
कीर्तिपुर

यो बृहत गोष्ठी (Symposium) नयाँ नेपालको निर्माण गर्ने सन्दर्भमा संविधानसभामा थाती रहेको अत्यन्तै विवादित विषय, संघीय संरचनाको स्वरूप तयार गर्न जातीयता सम्भाव्य आधार हुन सक्छ वा सक्दैन, यदि हुन सक्छ भने कुन हदसम्म हुन सक्छ भन्ने महत्त्वपुर्ण प्रश्नको तर्कपुर्ण खोज तथा छलफल गर्ने उचित मञ्च हुनेछ । अप्रिल २००६ को जनआन्दोलनको प्रतिफलस्वरूप मे २००८ मा सम्पन्न संविधानसभाको निर्वाचनबाट नेपालमा संविधानसभाको गठन भएको हो । मे २८, २००८ मा भएको संविधानसभाको पहिलो बैठकले नेपाललाई औपचारिक रूपमा गणतन्त्र घोषणा गर्‍यो । नेपालको अन्तरिम संविधान २००७ जारी भएपछि यसले नेपाललाई संघीय राज्य पनि घोषणा गर्‍यो यद्यपि संघीयकरणका राजनीतिक, आर्थिक, सांस्कृतिक एवं प्राज्ञिक आधारहरूबारे सहमति हुन बाँकी नै छ ।

संघीय संरचना तयार गर्ने उपयुक्त आधारहरूको खोजी कार्य आफैँमा व्यापक सार्वजनिक बहसको विषय बनेको छ । पुस्तक, पत्रपत्रिका, राजनीतिक दलका वक्तव्य, नागरिक समाजको बहस, अन्तर्राष्ट्रिय दाताहरूको नीतिगत छलफल आदिमा जातीयता र संघीयकरण ध्यानाकर्षणका विषय बनेका छन् । भौगोलिक विशेषता, स्थानीय र क्षेत्रीय आर्थिक सम्बन्ध र विनिमय, राष्ट्रिय एकता, आर्थिक सम्भाव्यता, बहुसंस्कृतिवाद र बहुलवाद आदि विषय जस्तै जातीयता पनि राज्य पुनःसंरचनासम्बन्धी बहसको मुख्य विषय बनेको छ ।

जातीयतामा आधारित राज्यको पुनः संरचनाका मुलभुत आधारहरूबारे अझै स्पष्ट विचारहरू अभिव्यक्त भइसकेका छैनन् । तर संविधानसभामा जातीयताका आधारमा प्रदेशहरूको नामाङकन तथा सीमाङकन गर्ने, प्रदेशहरू एवं राष्ट्र र राज्यका बिचमा द्वैद्य नागरिकता, विशेष सुविधासहितको नागरिकता प्रमाणपत्र (जस्तैः अग्राधिकार वा प्राथमिक

अधिकारका आधारमा प्राकृतिक स्रोत साधनमा पहुँच र राजनीतिक प्रतिनिधित्व आदि) जस्ता विषयहरूमा छलफल भएका छन् । संविधानसभाले जनजाति, महिला, क्षेत्रीय र सीमान्तकृत समुहका सदस्यहरूको समावेशीकरण र समताको सुनिश्चितता गर्ने वैकल्पिक एवं अन्य थप ढाँचाहरूमाथि पनि विचार गरिरहेको छ (यहाँ प्रयोग भए अनुसार "जातीयता"ले मधेशी समुदायलाई पनि समेट्दछ) ।

जातीयताजस्तो महत्त्वपुर्ण विषयमा बढी खोजकार्य गरेका र त्यसको आधारमा जातीयताबारे सबैभन्दा बढी जानकारी राख्नेहरूबिच नै जातीयता र संघीयकरणबारे धेरै कम छलफल भएको छ भन्ने हामीलाई अझै लागिरहेको छ । वास्तवमा विगत पाँच दशकदेखि यता नेपाली समाज र जातीयताबारे खोज कार्य गर्दै आएका समाजशास्त्री एवं मानवशास्त्रीहरूका सन्दर्भमा यो प्रशंग उठाइएको हो । समाजशास्त्र, मानवशास्त्र र अन्य सामाजिक विज्ञानले यस विषयलाई बुझ्न र बौद्धिक दृष्टिकोण प्रदान गर्न सक्षम छन भन्ने हामीलाई विश्वास छ । यी विधाहरूले आम शिक्षा र संविधानसभामा हुने संवाद र छलफललाई समृद्ध बनाउन महत्त्वपुर्ण योगदान पुर्‍याउँछ । यस्ता कामहरू उनीहरूले इतिहास र सैद्धान्तिक ज्ञानको आधारमा नेपालमा जातीयताको आधारमा संघीयकरण कति सान्दर्भिक हुन सक्दछ भन्ने बारे प्रष्ट्याउन सक्दछन । उनीहरूले जातीयता र संघीयतासम्बन्धी छलफलमा दिने ऐतिहासिक, सैद्धान्तिक, क्षेत्रीय तथा नेपाल बारेका विचारहरू नेपालको भावी राज्य निर्माणका लागि महत्वपुर्ण र टिकाउ सावित हुन सक्छन् ।

समाजशास्त्र, मानवशास्त्र र अन्य समाज विज्ञानका विद्वानहरूका लागि जातीयता, लोकतन्त्र, समता र समावेशी सवालसम्बन्धी उनीहरूका ठोस विचारहरू राष्ट्रिय स्तरको राजनीतिक–संवैधानिक ढाँचाको निर्माणका लागि महत्त्वपुर्ण खुराक प्रदान गर्ने अवसर पनि हो । यसका अतिरिक्त यस्ता विषय र प्रकृयाहरूको खोजी कार्यले संघीय प्रदेशहरूको खाका कोर्ने लगायत स्थानीय स्तरमा राजनीतिक, आर्थिक, कानुनी, सामाजिक सेवासम्बन्धी र प्रशासनिक ढाँचा र नीतिहरूको निर्माणमा पनि महत्त्वपुर्ण खुराक प्रदान गर्न सक्दछन् । अझै सामान्य अर्थमा यो बृहत गोष्ठीले जातीयता र आदिवासित्वलाई लोकतन्त्र, परिवर्तनशील प्रकृतिका जीवनपद्धति, गरिबी, असमानता, विभिन्नता, अग्रामीणीकरण, सोपानीकरण, शहरीकरण, वस्तु र श्रम बजार, बसाइँ सराई, प्रवासीकरण, खण्डित सामाजिक जीवन, व्यक्तिवादिता, पुँजीवाद र अन्य धेरै संरचना र वर्तमान विश्वऐतिहासिक प्रकृयाहरूको सन्दर्भभित्र कहाँ राख्न सकिन्छ भन्ने एकिन गर्ने अवसर प्रदान गर्दछ । वास्तवमा यो बृहत् गोष्ठी सारवादी, रचनात्मकवादी तथा उपयोगितावादीहरूले प्रस्तुत गरेका जातीयता र अन्य सामाजिक पहिचानसम्बन्धी दृष्टिकोणको समीक्षा गर्ने स्थल पनि हो । यथार्थमा समाजशास्त्री र मानवशास्त्रीहरूले यो प्राज्ञिक र राजनीतिक विषयमा गर्न सक्ने योगदान अत्यन्तै व्यापक र दिगो हुन सक्छ ।

उद्देश्यहरू

यो बृहत गोष्ठीका दुई प्रमुख उद्देश्यहरू छन् । पहिलो उद्देश्य प्राज्ञिक वा वौद्धिक हो । यस अन्तर्गत नेपालमा जातीयता र संघीयकरणसम्बन्धी चलिरहेको संवादको विशिष्टतालाई औंल्याउन अन्तर्राष्ट्रिय इतिहास र सिद्धान्त एवं विश्वजनीन ज्ञान र अन्तरदृष्टिहरू ल्याउनु रहेको छ । यसका अतिरिक्त, यस बृहत् गोष्ठीले प्राज्ञहरूलाई नेपालको वर्तमान सन्दर्भका बहस र सम्झौताका अनुभवहरूमा आधारित सिद्धान्त र विश्व इतिहाससम्बन्धी सञ्चित ज्ञान र अन्तर्दृष्टिलाई पुनः परिभाषित गर्ने अवसर पनि प्रदान गर्छ । यसको एउटा प्रतिफलको रूपमा एकातिर जातीयताको परिवर्तित सम्बन्धबारे ज्ञानको आधार समृद्ध बनाउनु हुनेछ भने अर्कातिर वर्तमानमा नेपाल र विश्वका लागि अन्य विशेषताहरू के के हुन भन्ने आधार दिनु हुनेछ । यसले नेपाल र नेपाल बाहिर असल शिक्षण, सिकाइ र अग्रस्तरका अनुसन्धानहरूलाई अगुवाई गर्न सक्छ । यसको अर्को प्रतिफल समाज वैज्ञानिकहरूले लेखेका लेखरचनाहरू संग्रहित पुस्तकको प्रकाशन गर्नु हुनेछ ।

बृहत गोष्ठीको दोस्रो उद्देश्य बढी तात्कालिक, व्यवहारिक, रणनैतिक र नेपालको निकट भविष्यका लागि अति उपयोगी पक्षसँग सम्बन्धित छ । यो बृहत गोष्ठीले संविधानसभाका सदस्यहरू र विभिन्न राजनीतिक दलका नेतृत्वहरूलाई जातीयता र संघीयकरणबिचको सम्बन्धबारे सूचना, ज्ञान र विचारहरू प्रवाह गरेर हालसम्म यकिन हुन नसकेको नेपालको संघीयकरणका ठोस आधारहरू प्रदान गर्नु हो । यसका अतिरिक्त यस बृहत गोष्ठीमा इच्छुक प्राज्ञहरू र अनुसन्धानकर्ताहरूलाई संविधानसभाका सदस्यहरू, राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समिति, सांस्कृतिक सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति लगायत अन्य महत्त्वपूर्ण समितिका सदस्यहरूलाई एउटै साझा मञ्चमा ल्याउने प्रयत्न भइरहेको छ । यससँग सम्बन्धित बृहत गोष्ठीको अर्को व्यापक प्रतिफल भनेको बृहत गोष्ठीमा आम बुद्धिजीवीहरूको प्रत्यक्ष सहभागिता र संचार माध्यमको व्यापक उपयोगद्वारा आम शिक्षा प्रदान गर्नु हुनेछ ।

बृहत् गोष्ठीका प्रस्तोताहरू

यस विचार गोष्ठीमा १० जना अन्तर्राष्ट्रिय र १४ जना नेपाली समाजशास्त्री, मानवशास्त्री र अन्य समाज वैज्ञानिकहरूलाई आमन्त्रण गरिएको छ । सबैजसो समाज वैज्ञानिकहरूले नेपालको जातीयता, राजनीति, अर्थतन्त्र र संस्कृतिसम्बन्धी थुप्रै प्रकाशन गरिसक्नु भएको छ । यस बाहेक भौतिक रूपमा यस गोष्ठीमा उपस्थित हुन नसक्ने केही विद्वानहरूलाई आफ्ना लेखहरू पठाउन प्रोत्साहित गरिएको छ । वहाँहरूका लेखलाई संक्षेपीकरण गरी बृहत गोष्ठीमा राखिनेछ ।

सहभागीहरू

यस गोष्ठीका मुख्य सहभागीहरू संविधानसभा र यसका विषयगत समितिका सदस्यहरू हुन् । संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरू, जनजाति र गैर जनजाति राजनीतिक संगठनका नेतृत्व, नागरिक समाजका अगुवावहरू, संचारकर्मी र प्राज्ञिक एवं आम वौद्धिक वर्ग गोष्ठीका अन्य सहभागीहरू हुन् ।

आयोजक संस्था र आयोजक समिति

यो गोष्ठीको आयोजक संस्था समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर हो । आयोजक समितिको नेतृत्त्व विभागले नै गरेको छ । आयोजक समितिमा निम्न सदस्यहरू रहनु भएको छ ।

प्रा. डा. चैतन्य मिश्र, समाजशास्त्र (विचार गोष्ठीका अध्यक्ष), प्रा.डा. गणेशमान गुरूङ, सामाजिक समावेशीकरण अनुसन्धान कोष, संचालक समितिका अध्यक्ष, (सदस्य) डा. मन्जु तुलाधर (थापा), सामाजिक समावेशीकरण कोषका मुख्य सल्लाहकार (सदस्य), प्रा.डा. राम बहादुर क्षेत्री, प्राध्यापक मानवशास्त्र (सदस्य), सुवास दर्नाल, समता फाउन्डेसनका व्यवस्थापकीय निर्देशक (सदस्य), प्रा.डा. ओम गुरूङ, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख, (सदस्य) प्रा.डा. योगेन्द्र यादव, भाषा विज्ञान केन्द्रीय विभाग (सदस्य), दिनेश प्रसाईं, उप–प्राध्यापक समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग (सचिव) ।

सल्लाहकार समिति र सहयोगी संस्थाहरू

यस बृहत गोष्ठीको आयोजक समितिलाई प्राविधिक सहयोग प्रदान गर्नका लागि सहकार्य र आर्थिक सहयोग गर्ने साझेदार संस्थाका विशेषज्ञहरूसमेत रहेको एउटा सल्लाहकार समिति रहेको छ । सामाजिक समावेशीकरण अनुसन्धान कोष (सिर्फ/एसएनभी), नेपाल यसको मुख्य सहयोगी संस्था हो । यसले सहयोगी संस्थाहरू (एक्सन एड नेपाल, डानिडा हुगो र सपोर्ट नेपाल) र सल्लाहकार समितिकाबिच मुख्य समन्वयकारी भूमिका निर्वाह गर्दछ ।

प्रस्तुति र प्रचार प्रसारको पद्धति

यो त्रिदिवसीय बृहत् गोष्ठी तीन दिनसम्म दुई समानान्तर सत्रहरूमा संचालन हुनेछ । वैसाख १२ अर्थात अप्रिल २५ तारिकका दिन बिहान संविधानसभाका सदस्यहरूसँग मात्र विशेष अन्तर्क्रिया आयोजना गरिएको छ । इच्छुक प्रस्तोताहरूले यो समयलाई संविधानसभाका सदस्यहरूसँग भेटघाट गरी सान्दर्भिक सवालहरूमा छलफल गर्ने कामका उपयोग गर्न सक्नेछन् । यसले बृहत् गोष्ठीका प्रस्तोताहरूलाई आफ्नो विचार राख्ने, संविधानसभाका सदस्यहरूबाट संविधानका अन्तर्वस्तु सिक्ने र संविधान निर्माणको हालसम्मको प्रकृयाका बारेमा समेत जानकारी लिने अवसर प्रदान गर्दछ । यो बृहत् गोष्ठी प्रमुख सार्वजनिक सवालमा केन्द्रित भएकोले यसले वरिष्ठ प्रस्तोताहरूलाई मात्र होइन, मुख्य राजनीतिक दलका प्रतिनिधिहरूलाई पनि आफ्ना विचारहरू प्रस्तुत गर्ने अवसर र स्थान उपलब्ध गराउँछ । बृहत गोष्ठीमा आमन्त्रण गरिएका केही प्रस्तोताहरू एक एक गरी पत्रकारहरूसँग अन्तर्क्रियामा संलग्न हुनु हुनेछ भन्ने अपेक्षा पनि गरिएको छ । सचिवालयले व्यक्तिगत चाहनाका आधारमा एक एक गरी पत्रकारहरूसँग भेटघाट र कुराकानी गर्ने व्यवस्था मिलाउन सहजीकरण गर्नेछ ।

बृहत् गोष्ठीको एउटा प्रमुख उद्देश्य संविधानसभालाई ठोस खुराक प्रदान गर्नु रहेकाले गोष्ठी सम्पन्न भएपछि प्रत्येक प्रस्तुतिहरूको सारांशलाई नेपाली भाषामा अनुवाद गरी संविधानसभाका सदस्यहरूलगायत अन्य सबै सरोकारवालाहरूलाई दुई हप्ताभित्रमा वितरण गरिनेछ । बृहत् गोष्ठी समापन हुने बित्तिकै विचारगोष्ठीका प्रस्तुतिहरूलाई परिमार्जनसहित प्रकाशन गरी सन २०१२ को मध्यसम्ममा उपलब्ध गराइनेछ ।

बृहत् गोष्ठीको विषयगत संरचना र उदाहरणीय विषय

बृहत् गोष्ठीका प्रस्तोताहरूले आफ्ना लेखहरूमा जातीयताका अवधारणाहरू, राजनीति, अर्थतन्त्र, संस्कृति लगायत नेपालका अन्य समसामयिक संस्था र प्रकृयाहरूका विशिष्ट चरित्रहरू दर्शाएका हुनेछन् भन्ने अपेक्षा गरिएको छ । तल उल्लेख गरिएका केही उदाहरणीय विषयगत बूँदाहरूले बृहत् गोष्ठीको खाका बनाउन मद्दत पुर्‍याउनेछन् ।

क) समग्रतामा जातीयता र आदिवासित्त्व

यस विषयले ध्यानाकर्षण गर्ने अन्तर्वस्तुहरू निम्न छन : इतिहास र संस्कृति गर्भित जातीयताः सारवादी, रचनात्मकतावादी र उपयोगितावादीः जातीयता र आदिवासित्त्वको बहसः जातीयता, प्रभुत्वहीनता र असमानताः जातीयता, बहुसंस्कृतिवाद र बहुलवादः जातीय द्वन्द्वका कारण र परिणामः जातीयता, शक्ति निक्षेपण र संघीयकरण, इतिहास, स्मरण र जातीयता आदि ।

ख) जातीयता, राजनीति र राज्य

यस विषयभित्र निम्न उपविषयहरू समावेश छन्: जातीयता, संघीयकरण र आधुनिक राज्यः जातीयता, आदिवासित्त्व र राष्ट्रवादः जातीयता र राजनीतिक द्वन्द्वः जातीय आन्दोलनको उत्थान र पतनः लोकतन्त्र, जातीयता र बहुलवादी सवालः र जातीय राजनीति, वामपन्थ र दक्षिणपन्थ ।

ग) जातीयता र अर्थतन्त्र

यस शीर्षक अन्तर्गत पूँजीवाद, जातीयता र आदिवासित्त्वः पूँजीवाद र एकात्मक एवं संघीय राज्यः आर्थिक असमानता र जातीयताः जीवनयापनका परिवर्तित पद्धतिः पहिचान र जातीयताः प्रवासी र जातीयताः क्षेत्रीय एवं राष्ट्रिय आर्थिक सम्बन्धः र जातीय एवं आदिवासी अधिकारहरू छन् ।

घ) तुलनात्मक ऐतिहासिक एवं अन्तर्राष्ट्रिय अनुभव

यस विषय अन्तर्गत जातीयता र संघीयकरणः जातीय द्वन्द्व र द्वन्द्व रूपान्तरणः विकेन्द्रीकरण, निक्षेपण र जातीयताः जातीयता, सुविधायुक्त नागरिकता, लोकतन्त्र र आधुनिक राज्यः राजनीतिक दल, जातीयता र जातीय आन्दोलनः जातीयता र समावेशी नीतिहरू रहेका छन् ।

ङ) जातीयता, अन्तर्सम्बन्धित विषय र संघीयकरण

यस विषय अन्तर्गत विशेष गरी जातीयता, सामाजिक लिङ्ग र संघीयकरणः सीमान्तकृत क्षेत्र, स्रोत र संघीयकरणः संघीयकरण र पुराना सभ्रान्तहरूको स्थितिः संघीयकरण र अल्पसंख्यकको अधिकार रहेका छन् ।

च) नेपाल, जातीयता, संघीयकरण

यस विषयभित्र अन्य धेरै लेखहरूलाई वस्तुगत आधार प्रदान गर्न सक्ने विषयहरू समाविष्ट छन् । यसमा विशेषतः जातीवादी राज्य र समाज एवं जातीय आन्दोलनको उठानः नेपालको जातीय नक्साङ्कन, राज्यको जातीय पुनः संरचनाको उद्‌विकासः जातीय र संघीयकरण, जनजाति र अन्य समूहहरूका बिचमा संसाधन र क्षमताको वितरणः संस्कृति, भाषा र संघीयकरणः जातीयता, सुविधायुक्त नागरिकता र लोकतान्त्रिक राज्यः जातीय राजनीतिको भविष्यको परिकल्पना, अर्थतन्त्र र संस्कृतिः जातीयता र समावेशी रणनीतिः जातीय संघीयकरण र भारत एवं चीनः उच्च जातका समूह र जातीय विद्रोहः दातृ समुदाय, जातीयता, समता र राज्य एवं समता र समावेशीताका लागि जातीय संघीयकरण तथा सुविधायुक्त नागरिकता जस्ता उपविषयहरू समाविष्ट छन् ।

मुख्य सहयोगी संस्था

सामाजिक समावेशीकरण अनुसन्धान कोष
SOCIAL INCLUSION RESEARCH FUND

अन्य सहयोगी संस्थाहरु

actionaid
DanidaHUGOU
SUPPORT NEPAL